सैदान्तिक परीक्षा संचालनमा खटिने कर्मचारी / सुपरीबेक्षकले पालन गनुपर्ने नियमहरु :

| क्र.सं. | पद | पारिश्रमिक दर (१५ प्रतिशत कर सहित) | | कैफियत |
|---|---|---|---|---|
| | | २ घण्टा सम्मको | २ घण्टाभन्दा वढी समयको | |
| १ | केन्द्राध्यक्ष/बाह्य सुपरिवेक्षक प्रति व्यक्ति | रु. ७०० | रु.९०० | प्यान नं अनिबार्य (प्यान विना भुक्तानि गरीएमा पेश्कि फछ्यौटमा सम्बन्धित व्यक्तिको हिसाबमा घटाइने छ |
| २ | सहायक केन्द्राध्यक्ष(२००:१) /परीक्षा सहायक बा सु | रु.५०० | रु.७०० | |
| ३ | निरीक्षक | रु.४०० | रु.५०० | |
| ४ | सहायक कर्मचारी (१:२००) | रु.२७५ | रु.३०० | २०० भन्दा जति वढि भएमा पनि वढीमा २ जना मात्र |
| ५ | पियन/चालक (१:२००) | रु.२५० | रु.२७५ | |
| ६ | सूरक्षामा खटिनेहरुको पारिश्रमिक प्रति सिफ्ट/प्रति व्यक्ति | नोट: प्रति दिन सुरक्षाकर्मि ईन्चार्ज सहित जम्मा ६ जना सम्म खटाउन सकिनेछ यदि ६ भन्दा बढि सुरक्षाकर्मि आवश्यक परेमा प्रहरी खटाउनु अघि स्थलगत परीक्षा सम्मन्वय उपसमितिको बैठकबाट अनिबार्य निर्णय गराउनुपर्ने छ । | | |
| | क. इन्चार्ज | रु.३०० | रु.३०० | |
| | ख. अन्य सूरक्षाकर्मीहरु | रु.२५० | रु.२५० | |
| ७ | प्रहरी कार्यालयबाट परीक्षा केन्द्रमा प्रश्न पत्र र उत्तरपुस्तिका ल्याउन लैजान प्रति सिफ्ट रु.१०० यातायात खर्च वापत उपलब्ध गराइने छ | | | |
| ८ | परीक्षा संचालन गर्न भौतिक पूर्वाधारहरु उपलब्ध गराए वापत सम्वन्धित संस्था (परीक्षा केन्द्र) लाई प्रति सिफ्ट प्रति विद्यार्थी रु. ५ का दरले उपलब्ध गराइनेछ । तर सो शुल्क सम्वन्धित केन्द्रको आम्दानि रसिद मार्फत रकम बुझेको विल विवरण अनिवार्य संलग्न गर्नुपर्नेछ । विद्यालयको लेटरप्याडमा भरपाइ गरेमा मान्य हुने छैन । | | | |
| ९ | प्रहरी कार्यालयमा प्रश्न पत्र र उत्तरपुस्तिका राखे वापत उक्त कार्यालयलाई एकमूष्ठ रु. १५०० उपलब्ध गराइने छ सो को अनिवार्य प्रहरी कार्यालयको लेटरप्याडमा प्रहरी कार्यालयको छाप सहितको भरपाई वा नगद बुझाएको विल अनिवार्य संलग्न गराउनुपर्नेछ । | | | |
| १० | उत्तरपुस्तिका सिलवन्दी गर्ने कपडाको थैला वापत प्रति थैला रु.४० का दरले भुक्तानी गरिनेछ । र Practical को पोका बापत रु २५ र सो थैला तथा पोको सम्वन्धित ठाउमा बुझाई प्रमाणित गरेको विवरण अनिबार्य पेश गनुपर्नेछ । तर पोका बुझाएको भरपाई प्रमणित पत्र संलग्न भएमा मात्र रकम उपलब्ध हुनेछ । | | | |
| ११ | डिप्लोमा तथा प्रमाण पत्र तह तर्फका बार्षिक/अन्तिम/सेमेष्टर प्रणालीका शैद्धान्तिक परीक्षा संचालन अवधिभरका लागि मसलन्द खर्च वापत एकमुष्ठ रु.२००० र प्राविधिक एस.एल.सी. तर्फ एकमूष्ठ रु.१५०० बील वमोजिम भुक्तानी दिइनेछ । तर डिप्लोमा तथा प्रि डिप्लोमा तहको परिक्षा एकै स्थानमा संचालन भएमा एकमूष्ठ २०००।०० भुक्तानि हुनेछ । | | | |
| १२ | स्थलगत परीक्षा समन्वय उपसमितिका पदाधिकारीहरुको बैठक भत्ता प्रति सदस्य समिती अध्यक्ष अधिकृत द्वितिय श्रेणि भएमा. रु १५०० र तृतिय श्रेणि भएमा रु १२०० हुनेछ । | विनियमावलीले तोकेका समिति भन्दा बाहिरका अन्य पदाधिधारीले अनुगमन भएकोमा अनुगमन भता भुक्तानि दिएमा सो रकम भुक्तानि पाईने छैन । एकै दिनमा एकभन्दा वढी परीक्षा केन्द्रमा निरीक्षण गरे वापत छुट्टाछुट्टै भत्ता दिइने छैन । त्व्म्ब् नपाउने गरी अनुगमन भयमा मात्र । | | |
| १३ | निरीक्षण तथा अनुगमन भत्ता रु. १००० | | | |
| | सैदान्तिक परीक्षा खाजा खर्च | जुन दिन १५० जना सम्म रु ३०० र १५१ भन्दा माथि रु ५०० का दरले प्रत्येक दिन खर्च गर्नु पाईने छ । विल अनिवार्य पेश गनु पर्नेछ साथै रु ५००० भन्दा वढि रकमको प्यान विल अनिबार्य वा ५००० भन्दा कमको फरक फरक विल पेश गर्नुपर्नेछ | | |

**स्थलगत परीक्षा समन्वय उप समिति :**

परिषद्द्धारा सञ्चालन गरिने परीक्षालाई व्यवस्थित, मार्यादित र नियमिति रुपमा संचालन गर्नका लागि परीक्षा सञ्चालन हुने जिल्लामा देहाय बमोजिमको एक स्थलगत परीक्षा समन्वय उप समिति रहनेछ ।

| | |
|---|---|
| क. प्रमुख जिल्ला अधिकारी | अध्यक्ष |
| ख. जिल्ला शिक्षा अधिकारी/सम्वन्वय समिती प्रमुख | सदस्य |
| ग. जिल्ला प्रहरी प्रमुख | सदस्य |

ङ. परीक्षा संचालन हुनुपूर्व स्थलगत परीक्षा समन्वय उप समितिले सम्वन्धित जिल्ला भित्रका प्रत्येक केन्द्रका केन्द्रध्यक्ष एक जना तथा सुपरिवेक्षकहरुलाई आमन्त्रण गरी उप समितिको बैठक राख्नु पर्नेछ । परीक्षा केन्द्रमा परीक्षार्थिलाई ड्रोइग पेपर र ग्राफ कपिको व्यबस्था सम्वन्धि अध्यनरत शिक्षालयले उपलब्ध गराउनु पर्नेछ । परीक्षा संचालन पश्चात भ्रमण प्रतिबेदन लिखित रुपमा अनिबार्य पेश गुर्नु पर्नेछ । बैठक भत्ता वितरण गरेको भरपाई संग माईन्युट अनिबार्य पेश गनुपर्नेछ ।सामान्यतया प्रश्नको फोटोकपि गर्न पाईने छैन तर यदि प्रश्न अपुग भएमा प्रहरी र केन्द्राध्यक्ष सहित ५ जनाको उपस्थितिमा निर्णय सहित मुचुल्का तयार गरी राख्नु पर्ने ।